'पर्यटकीय नगरी'

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः- २०७८/०१/१४)

यस कार्यालयले तपसिल बमोजिमको कार्य शिलबन्दी दरभाउपत्र वाट गराउनुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहि यो रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०७८/०१/२८) भित्र प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधिवाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) रष्ट्रिय बाणिज्य बैक फिक्कलमा रहेको यस नगर कार्यपालिकाको आन्तरीक राजश्व खाता, बैंक खाता नं. २१००१००३०१०१०००२ मा जम्मा गरि यस कार्यालय र जिल्ला समन्वय समितिबाट खरिद गर्न सकिने छ।माथि उल्लेखित कार्यालयहरुबाट खरिद नभएको र यस नगर कार्यपालिकाको कार्यालयमा पेश नगरिएको दरभाउपत्र लाई मान्यता दिईने छैन।

२. दरभाउपत्र कागजात खरिद गर्न इच्छुक निर्माण व्यवसायीले नियमानुसारको दस्तुर वुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ। निवेदनका साथ आ. ब. ०७७/७८ सम्म नविकरण भएको दर्ता प्रमाण पत्र, (इजाजत) प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७६/७७ सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपि र यस ठेक्काको ठेक्कापट्टा नं र कामको विवरण उल्लेख गर्नु पर्नेछ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले १६ दिन (२०७८/०१/२९) को १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिनको १.०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकारप्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र फिर्ता तथा संसोधन गर्न मिल्ने छैन।

५. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ।

६. दरभाउपत्र को खाम वाहिर ठेक्का नम्बर, दाखिला गरिने कार्यालयको नाम, ठेगाना, कामको विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना , फोन नं (घरको, मोवाईलको) र ई-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ।

७. दरभाउपत्रका साथ रष्ट्रिय बाणिज्य बैक फिक्कल स्थित यस नगर कार्यपालिकाको धरौटी खाता नं. २१००१००३०३००००००२ मा कम्पनीको नामवाट तपसीलमा उल्लेखित जमानत वापतको रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त बैंकहरु वाट यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र (Bid Bond) पेश गर्नुपर्नेछ। सो जमानीपत्र/भौचरमा सम्बन्धित ठेक्कापट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ। दरभाउपत्र को मान्य अवधी ४५ दिनको हुनेछ।

८. दरभाउपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ।

९. एउटा फर्मको नामवाट खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन।

१०. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा मुल्यअभिवृद्धि कर वाहेकको रकम उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ।

११. स्थानिय तह तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

१२. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ।

१३. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

१४. दरभाउपत्रको परीक्षण र मूल्यांकन, दरभाउपत्रको सूचनाको शर्तहरु, BID DOCUMENT, स्पेशिफिकेसन तथा प्रचलित ऐन नियमअनुसार हुनेछ र गुणस्तर परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ।

।क्रमशः २ पेजमा

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१५. दरभाउपत्रको अन्य डकुमेण्टमा (आफ्नागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१६. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सुर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ (संशोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१७. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।

१८. दरभाउपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ।

## शिलबन्दी दरभाउपत्र सम्वन्धि कार्यको विवरण

| S. No. | Contract Identification No. | Name of Project | Estimated Amount (Including VAT& PS) NRs. | Bid Security Amount NRs. | Bid Security Validity Period (Days) | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/SQ/ WORKS 20-077/078 | Construction of 1 Storey 2 Classroom RCC Building at Buddha Ma. Vi. | 19,38,503.00 | 49,000.00 | 75 | 1,000.00 |
| 2 | SUMO/ILAM/SQ/ WORKS 21-077/078 | Construction of 1 Storey 2 Classroom RCC Building at Boudhadham Ma. Vi. | 19,38,503.00 | 49,000.00 | 75 | 1,000.00 |
| 3 | SUMO/ILAM/SQ/ WORKS 22-077/078 | Construction of 1 Storey 2 Classroom RCC Building at Janak Ma. Vi. | 19,38,503.00 | 49,000.00 | 75 | 1,000.00 |
| 4 | SUMO/ILAM/SQ/ WORKS 23-077/078 | Construction of Platform for Bidhyapati Statue | 12,53,237.33 | 32,000.00 | 75 | 1,000.00 |
| 5 | SUMO/ILAM/SQ/ WORKS 24-077/078 | Borbote Lepcha tole Dhodhe Chiwribote Road Maintenance Work | 19,45,454.86 | 49,000.00 | 75 | 1,000.00 |
| 6 | SUMO/ILAM/SQ/ WORKS 25-077/078 | Bardada Tara Golai Road Maintenance Work | 13,57,970.17 | 34,000.00 | 75 | 1,000.00 |
| 7 | SUMO/ILAM/SQ/ WORKS 26-077/078 | Buddhamarga Guphapatal Road Maintenance Work | 15,43,197.65 | 39,000.00 | 75 | 1,000.00 |
| 8 | SUMO/ILAM/SQ/ WORKS 27-077/078 | Fikkal Malim Jurebhanjyang Road Maintenance Work | 15,54,786.56 | 39,000.00 | 75 | 1,000.00 |
| 9 | SUMO/ILAM/SQ/ WORKS 28-077/078 | Fikkal Bazar Purano Line Blacktopped Road Maintenance Work | 10,98,350.69 | 28,000.00 | 75 | 1,000.00 |
| 10 | SUMO/ILAM/SQ/ WORKS 29-077/078 | Kanyam Factory Katuwal Gaun Birthing Center Road Maintenance Work | 12,10,610.37 | 31,000.00 | 75 | 1,000.00 |
| 11 | SUMO/ILAM/SQ/ WORKS 30-077/078 | Kajini Siddhikhola Road Maintenance Work | 17,33,782.95 | 44,000.00 | 75 | 1,000.00 |

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत